भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २८ औं बैठकका निर्णयहरु
मिति : २०८१/०३/०९ गते

# भीमेश्वर नगरपालिका

## नगर कार्यपालिकाको २८ औं बैठकका कार्यसूची

१) नगर सभाको कार्यसूची सम्वन्धमा

२) आ.ब.२०८१/०८२ को (बार्षिक बजेट तथा कार्यक्रम) विनियोजन विधेयक २०८१ सम्बन्धमा

३) न्यायिक समितिको बार्षिक प्रतिवेदन, २०८१ सम्बन्धमा

४) नगर बृहत योजना २०७७ (पहिलो परिमार्जन, २०८०) सम्बन्धमा

५) नगर यातायात गुरुयोजना २०८१ सम्ब्रन्धमा

विविध सम्बन्धमा

## नगर कार्यपालिकाको २८ औं बैठकका निर्णयहरु :-

निर्णय नं. १) : यस नगरपालिकाको मिति २०८१/०३/१० गते बस्ने पाँचौ नगर सभाको दोस्रो बैठकका लागि संलग्न कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २) : यस नगरपालिकाको आगामी आ.ब.२०८१/८२ का लागि संलग्न (बजेट तथा कार्यक्रम) विनियोजन विधेयक, २०८१ स्वीकृत गरी मिति २०८१ असार १० गते बस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो

निर्णय नं. ३) : यस नगरपालिकाको आ.ब.२०८०/८१ को संलग्न न्यायिक समितिको वार्षिक प्रतिवेदन, २०८१ स्वीकृत गरी मिति २०८१ असार १० गते बस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४) : यस नगरपालिकाको नगर बृहत योजना २०७७ (पहिलो परिमार्जन, २०८०) स्वीकृत गरी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५): यस नगरपालिकाको नगर यातायात गुरुयोजना स्वीकृत गरी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

मेश्वर नगरपालिका

पाँचौ नगरसभा

कार्यसूची

२०८१/०३/१० गते

| क्र.स. | कार्यक्रम | समय | कैफियत |
|---|---|---|---|
| १ | सभासदहरु सभाकक्ष प्रवेश गरी सक्ने | १२:१५ बजे | |
| २ | सभाध्यक्ष सभामा प्रवेश गराउने | १२:१६ बजे | सबैले उठेर तालीले स्वागत गर्ने |
| ३ | आसन ग्रहण | १२:१६ बजे | सबै |
| ४ | राष्ट्रिय गान | १२:१७ बजे | सबै उठेर राष्ट्रिय गान गाउने |
| ५ | ज्ञातअज्ञात शहिदहरुप्रति सम्मान प्रकट | १२:२० बजे | सबैजना उठेर मौनधारण (१ मि. |
| ६ | सभाको काम कारवाही सुरु गर्दै:<br>क) आ.व. ०८१/८२ का लागि बजेट तथा कार्यक्रम २०८१,<br>ख) विनियोजन विधेयक २०८१,<br>ग) आर्थिक विधेयक, २०८१<br>घ) न्यायिक समितिको वार्षिक प्रतिवेदन २०८०/८१ सभा समक्ष क्रमशः पेश गर्न नगर उपप्रमुख : श्री कमला बस्नेतलाई समय प्रदान गर्ने | १२:२५ १:५०बजे | नगर प्रमुख / सभाध्यक्ष |
| ७ | बजेट तथा कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक माथि छलफल गर्न सभाध्यक्षद्वारा समय प्रदान गर्ने | १:५० -२:२०बजे | नगर सभा सदस्यहरु |
| ८ | बजेट तथा कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक माथि माथि उठेका सवालहरुको जवाफ तथा जिज्ञासा समाधान | २:२० -२:३०बजे | नगर प्रमुख / सभाध्यक्ष |
| ९ | सभाध्यक्षद्वारा आ.व. ०८१/८२ को बजेट तथा कार्यक्रम, विनियोजन विधेयक, २०८१, आर्थिक विधेयक,२०८१<br>न्यायिक समितिका प्रतेवेदन निर्णयार्थ पेश गर्ने | २:३०-२:३५ बजे | सबै नगरसभा सदस्यहरु द्वारा पारित गर्ने |
| १० | शुन्य समय | २:३५ :- ३:०० बजे | समसामयिक बिषयमा सभासदहरुद्वारा आफनो भानाई राख्ने |
| ११ | सभाध्यक्ष द्वारा भनाई सगै सभा स्थगन / अर्को सभा बस्ने समय तोक्ने | ३:०० .....बजे | सभाध्यक्षद्वारा |

अभिमतका लागी नाम दर्ता

सदस्यको नाम :

दस्तखत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २८ औं बैटकका निर्णयहरु
मिति : २०८१/०३/०९ गते

<u>विविध ६</u>

**निर्णय नं. ६क)**: यस नगरपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको (कृषि तथा पशु सेवा) अन्तर्गत पशु सेवालाई थप व्यवस्थित गरी कृषकको गोठमै सेवा पुर्याउने नीति अनुरुप आगामी आ.ब. ०८१/०८२ का लागि स्वीकृत कार्यक्रमबाटै तलव भत्ता उपलब्ध गराउने गरी नायब पशु सेवा प्राविधिक (ना.प्र.से.प्रा.) चौथोतहका ५ जना जनशक्ति करार सेवामा लिने निर्णय गरियो ।

**निर्णय नं. ६ख)**: यस नगरपालिकाको स्वीकृत संगठन तथा ब्यबस्थापन (O&M) प्रतिवेदन २०७६ मा भएको व्यवस्था बमोजिमका रिक्त नगर प्रहरी पाँचौ पद -१, नगर प्रहरी चौथो -१ र नगर प्रहरी प्रथम -१ करार सेवामा लिने निर्णय गरियो ।

**निर्णय नं.६ग)**: यस नगरपालि क्षेत्रभित्रका सामुदायिक विद्यालयलाई व्यवस्थित गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न आगामी आ.व. ८१/८२ बाट लागु हुने गरी स्वेच्छिक अवकासमा (न्यूनतम् सेवा अवधि पुरा गरेका) जान चाहने शिक्षक/शिक्षिकाहरुलाई कार्यविधि बमोजिमको थप सुविधा उपलब्ध गराई स्वेच्छिक अवकासमा जान उत्प्रेरणा गर्ने निर्णय गरियो ।

**निर्णय नं.६घ)**: यस नगरपालिकाद्वारा चालु आ.व. २०८०/८१ मा सम्पादन भएका रकमान्तर / शिर्षकान्तर गरी सम्पादन गरिएका योजना तथा कार्यक्रमहरु अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३